# श्री
# मकवानपुर जिल्ला अदालत
# हेटौंडा
## (तहसिल शाखा)

प्रथम पटक प्रकाशित मिति २०७६/०२/१३

सूचना नं.२ (२०७५/०७६)

उपरोक्त सम्बन्धमा यस अदालतको जिन्सी खातामा रहेका र हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा तपसिलमा उल्लेखित सामानहरु लिलाम बढाबढको माध्यमबाट विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनभित्र यस अदालतमा तपसिल बमोजिमको शर्तको अधीनमा रही लिलाम डाँक बढाबढमा सहभागी हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) लिलाम बढाबढको कार्य यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको दिउसो १२ बजेसम्म लिखित निवेदनसाथ उपस्थित हुनुपर्नेछ र सोही दिनको २ बजेदेखि लिलाम डाँक बढाबढको कार्य अगाडि बढाईने छ ।उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट अदालत खुलेको दिन विहान ११ बजेदेखि लिलाम डाँक बढाबढको कार्य अगाडि बढ्नेछ ।

२) यस सूचनामा उल्लेखित मालसामानहरुको लिलाम बढाबढ हुने मिति २०७६/०२/२८ गते दिउसो २ बजेदेखि ४ बजेसम्म मकवानपुर जिल्ला अदालतको प्राङ्गणमा हुनेछ।

३) लिलाममा भाग लिने ब्यक्ति,संघसंस्था,ब्यापारिक प्रतिष्ठानले आफ्नो नागरिकता, दर्ता प्रमाणपत्र,करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि निवेदनसाथै राख्नुपर्नेछ।

४) यसमा सूचनामा उल्लेखित मालसामानहरु रु.७,६००/- (अक्षेरुपी सात हजार छ सय रुपैयाँ) भन्दा बढीबाट डाँक लिलाम बढाबढ गर्नुपर्नेछ ।

५) लिलाम बढाबढमा भाग लिनको लागि यस सूचनामा उल्लेखित न्यूनतम मुल्यको १० प्रतिशतले हुने रकम नगदै वा यस अदालतको कार्यालय कोड ३१-२०४-०१ बाट को.ले.नि.का.मकवानपुरको खाता नं खड-०२५०२००००००००३०००००७० धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर यस अदालतमा पेश गर्नु पर्नेछ ।

६) लिलाम बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संघसंस्था/ब्यापारिक प्रतिष्ठानले लिलाम सकार गर्नु पर्नेछ ।लिलाम डाँक बढाबढ हुने न्युनतम रकम भन्दा बढी रकमको ५ प्रतिशतले हुने थप धरौटी रकम तत्कालै नगदै यस अदालतमा बुझाउनु पर्नेछ।यसरी लिलाम सकार गरेको बाँकी रकम तुरुन्तै वा भोलिपल्ट यस अदालतमा नगदै बुझाउन सकिने वा माथि उल्लेखित खातामा जम्मा गरी सो को सक्कल भौचर यस अदालतमा पेश गर्नुपर्नेछ ।

७) सबैभन्दा बढी लिलाम डाँक बढाबढ गर्ने पहिलो पक्षले लिलाम सकार नगरेमा त्यसपछि दोश्रो र तेश्रो बढी रकम कबुल गर्ने पक्षलाई लिलाम सकार गर्न दिईनेछ ।

८) लिलाम सकार गरेको ७ दिनभित्र उल्लेखित मालसामान उठाई लैजानु पर्नेछ र ७ दिनभित्र उक्त मालसामान उठाई नलगेमा अदालतले उक्त मालसामानहरु जफत गर्न सकिनेछ ।

९) लिलाम सकार गरिएको मालसामान पुनः प्रयोगमा आउने रहेछ भने वातावरणलाई प्रभाव नपर्ने गरी सम्बन्धित निकायमा दर्ता गरी वा अनुमति लिई प्रयोगमा ल्याउन सकिनेछ ।अनुमति वा दर्ता हुने/नहुने कुरा प्रचलित ऐन नियम अनुसार हुनेछ ।अनुमति तथा दर्ता गर्दा लाग्ने सम्पूर्ण बिमा,कर,शुल्क,जरिवाना समेतको रकम लिलाम सकार गर्ने पक्षले नै तिर्नु बुझाउनु पर्नेछ ।

१०) लिलाम डाँक बढाबढको प्रकृयामा कुनै प्रकारको मिलेमतोमा वा कुनै त्रुटि,अनियमितता देखिएमा लिलाम सम्बन्धि सम्पूर्ण काम कारवाहीलाई बदर गर्ने अधिकार लगायतका सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ ।

११) यस सूचनामा कुनै कुरा छुट भएमा वा लिलाम सम्बन्धि कुनै निर्णय गर्नुपर्ने भएमा प्रचलित ऐन कानून वा नियमावली तथा आर्थिक कार्यविधि ऐन,२०५५ तथा आर्थिक कार्यविधि नियमावली,२०५६ बमोजिम हुनेछ ।

१२) लिलाम हुने सामान हेर्न चाहेमा अदालत खुलेको समयमा यस अदालतको तहसिल शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।

२०७६।०२।१३

श्री
कञ्चनपुर जिल्ला अदालत

# लिलाम हुने सामानको बिबरण

## (मोबाईलहरु)

| सि.नं. | जिन्सी नं. | जिन्सीका मोबाईल | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | २३९ | मोबाईल-१ | रु.१००/- | |
| २. | २४७ | मोबाईल-१ | रु.२००/- | |
| ३. | ३५१ | कलर्स-१ | रु.५००/- | |
| ४. | ३६४ | मोबाईल-१ | रु.१००/- | |
| ५. | ३७८ | मोबाईल-२ | रु.६००/- | |
| ६. | ३८४ | मोबाईल-१ | रु.५००/- | |
| ७. | ३८८ | मोबाईल-१ | रु.१००/- | |
| ८. | ३८९ | मोबाईल-१ | रु.२००/- | |
| ९. | ३९२ | मोबाईल-४ | रु.१,१००/- | |
| १०. | ४०५ | कार्वन-१ | रु.३००/- | |
| ११. | ४०६ | मोबाईल-१ | रु.२००/- | |
| १२. | ४१० | सामसुङ-१ | रु.५००/- | |
| १३. | ४२६ | मोबाईल-३ | रु.९५०/- | |
| १४. | ४२७ | सामसुङ-१ | रु.५००/- | |
| १५. | ४२९ | मोबाईल-१ | रु.४००/- | |
| १६. | ४७० | मोबाईल-१ | रु.५०/- | |
| १७. | ४८१ | सामसुङ-१ | रु.३००/- | |
| १८. | ४८८ | मोबाईल-२ | रु.७००/- | |
| १९. | ४९९ | मोबाईल-१ | रु.२००/- | |
| २०. | ५०० | मोबाईल-१ | रु.१००/- | |
| जम्मा मोबाईल २७ थान | | | जम्मा रु.७,६००/- | |

२०७४।०२।१३